# न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक
स्थानीय 'ग' वर्गमा वर्गीकृत

## हार्दिक शुभकामना

**विजया दशमी**, **शुभ-दीपावली** तथा **छठ** पर्व २०८३ को सुखद् उपलक्ष्यमा सम्पूर्ण विज्ञापनदाता, पाठकवर्ग एवम् शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** गर्दछौं।

**बबिलाल तामाङ**
प्रधान सम्पादक एवम्
**न्यूजप्रवाह साप्ताहिक परिवार**
भरतपुर, चितवन

❖ वर्ष ६ ❖ अंक १२ ❖ २०८३ असोज २८ गते बुधबार ❖ Wednesday, 14 Oct, 2026 ❖ मूल्य रु. १० ।- ❖ पृष्ठ ६ ❖ (Website : www .newsprabah .com)

### बजार व्यवस्थापनमा निजी क्षेत्रको चासो

# चाडपर्वलाई मर्यादित बनाउन 'टास्क फोर्स'

**- बबिलाल तामाङ**

भरतपुर । दसैंतिहारजस्ता चाडपर्वको समयमा उपभोक्ताहरुको चापलाई मध्यनजर गर्दै बजारमा हुने भीडभाड एवं अव्यवस्थित गतिविधि नियन्त्रणका लागि बजार व्यवस्थापन, शान्ति-सुरक्षा, सवारी आवागमन तथा बजार अनुगमनलाई प्रभावकारी बनाउन लागेको हो । बजारमा हुनसक्ने अवान्छित क्रियाकलाप रोक्नका लागि निजी क्षेत्रले सरोकारवाला निकायसँग




कार्यदल (टास्क फोर्स)लाई सक्रिय बनाइएको छ ।

विशेषगरी नारायणगढ बजारमा चाडपर्वका समयमा किनमेल गर्नेहरुको चाप बढ्ने भएकाले टास्क फोर्सले स्थानीय प्रशासनसँगको समन्वयमा बजार समन्वय गर्दै व्यवसायी र उपभोक्ताले भोग्नुपर्ने समस्या समाधानका लागि चासो देखाएको छ ।

टास्क फोर्सका संयोजक एवं चितवन उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओली भन्छन्, 'चाडपर्वका समयमा बजारमा भीड बढ्ने कारण ग्राहकलाई किनमेल गर्न समस्या नहोस् भनेर कार्यदललाई सक्रिय बनाइएको हो । 'पोके तथा ठेला तथा पोके व्यापारीका कारण अन्य व्यवसायी र ग्राहकलाई आवतजावतमा समस्या परिरहेको छ । यसको समाधानका बजारमा हुने भीडभाडका कारण विगतमा व्यवसायी तथा उपभोक्ताले भोग्नुपरेका कठिनाइँहरुलाई मध्यनजर गर्दै आइपर्ने समस्या समाधान गर्न कार्यदललाई सक्रिय बनाएका छौं ।'

उनका अनुसार चाडपर्वमा लागि सम्बन्धित निकायको समन्वयमा काम गरिरहेका छौं ।'

टास्क फोर्सले चाडपर्वका समयमा मात्र नभई अन्य समयमा पनि जथाभावी सञ्चालन हुने ठेला तथा पोके व्यापारलाई तोकिएको स्थान र मापदण्डअनुसार व्यवस्थित गर्ने, उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उचित मूल्यमा उपलब्ध गराउन नियमित बजार अनुगमन गर्ने तथा सवारी चाप र भीडभाड नियन्त्रणका लागि ट्राफिक व्यवस्थापनमा सहजीकरण गर्ने कामलाई प्राथमिकता दिँदै आएको छ ।

चाडपर्वका समयमा सर्व-साधारण तथा उपभोक्ताले सहज, सुरक्षित र सुलभरूपमा किनमेल गर्नसक्ने वातावरण सिर्जना गर्न बजार अनुगमन तथा व्यवस्थापनका कार्यलाई प्राथमिकता दिइने उनले बताएका छन् । बजार व्यवस्थापनका लागि सहयोग गरिदिन सम्पूर्ण व्यवसायी एवं सर्वसाधारणलाई उनले आग्रह गरेका छन् ।

चितवन उद्योग वाणिज्य संघले बजार क्षेत्रलाई व्यवस्थित,

*(बाँकी ५ पेजमा)*

# शान्तिसुरक्षाका लागि यात्रु सहायता कक्ष सञ्चालन

**- बिना तामाङ**

भरतपुर। चाडपर्वको समयमा सडक सुरक्षालाई व्यवस्थित बनाउँदै यात्रुको सहजता र शान्तिसुरक्षाका लागि चितवनका आठ ठाउँमा यात्रु सहायता कक्ष सञ्चालन गरिएको छ। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनको संयुक्त पहलमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको हो ।

चितवनमा केन्द्रीय बसपार्क, पोखरा बसपार्क, पुलचोक, मुग्लिन, चनौली, टाँडी, खैरहनी र लोथरमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ। यात्रु सहायता कक्षबाट यात्रा सहजीकरण, आवश्यक सूचना तथा सुरक्षासम्बन्धी सहयोग प्राप्त गर्न सकिने छ ।

जिल्ला प्रशासन कार्यालय चितवनका प्रजिअ गणेश अर्यालले दसैं, तिहार, छठपर्वजस्ता चाडपर्वलाई लक्षित गर्दै यात्रुलाई आवश्यक सूचना उपलब्ध गराउन, सुरक्षित यात्राका लागि सहजीकरण गर्न र यात्रुका समस्या एवं गुनासो तत्काल सम्बोधन गर्ने उद्देश्यले सहायता कक्ष सञ्चालन गरिएको जानकारी दिए ।

'चाडपर्वका समयमा सडक सुरक्षालाई व्यवस्थित बनाउन र यात्रु तथा अन्य सरोकारवालालाई पर्ने समस्या एवं गुनासो तत्काल सम्बोधन गर्नु सहायता कक्षको मुख्य उद्देश्य हो', प्रजिअ अर्यालले भने ।

उनले राजमार्गमा विभिन्न कारणले हुने सडक अवरोध हटाउन जिल्ला प्रशासन कार्यालयका तर्फबाट पहल भइरहेको बताए। अर्यालले स्थानीय तह र सम्बन्धित निकायको समन्वयमा चाडपर्वलक्षित सुरक्षा व्यवस्था, सडक सुरक्षा तथा स्वास्थ्य सहायता कक्षसमेत सञ्चालन गरिने जानकारी दिए ।

यस्तै, जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक (एसपी) रामेश्वर पौडेलले चाडपर्वलाई लक्षित गरी जिल्लामा विशेष सुरक्षा योजना लागू गरिएको बताए। चाडपर्वका समयमा हुनसक्ने आपराधिक गतिविधि, अनलाइन ठगी, जुवातास तथा सडक दुर्घटना नियन्त्रणका लागि प्रहरी र ट्राफिक प्रहरी गरी ७९७ जना सुरक्षाकर्मी परिचालन गरिएको उनले जानकारी दिए ।

उनी भन्छन्, 'चाडपर्वको समयमा सुरक्षा सतर्कता र आपराधिक गतिविधि नियन्त्रणका लागि पिकेट ड्युटी, गस्ती, मोबाइल गस्ती, आकस्मिक जाँच तथा लागूऔषध पहिचानका लागि विशेष

*(बाँकी ५ पेजमा)*

### मगर संघको ४५औं वार्षिक साधारण सभा

# 'हकहित र संस्कृति संरक्षणमा जोड दिनुपर्छ'

भरतपुर। नेपाल मगर संघ जिल्ला समन्वय समिति चितवनको




४५औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। भरतपुर महानगरपालिका-१, क्षेत्रपुरस्थित चन्द्र एकता मगर समाजको भवनमा सम्पन्न कार्यक्रममा मगर समुदायको हकहित संरक्षण, मौलिक भाषा, संस्कृति तथा भेषभूषाको जगेर्ना र संगठनात्मक एकतालाई सुदृढ बनाउने विषयमा जोड दिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मगर संघका केन्द्रीय सदस्य ठाकुर सिं आलेमगरले मगर समुदायको पहिचान र अधिकार संरक्षणका लागि एकता अपरिहार्य रहेको बताए। उनले देशभरका मगर समुदाय विभिन्न संघसंस्थामार्फत संगठित हुँदै गएको उल्लेख गर्दै समुदायको हित, अधिकार र समग्र उन्नतिका लागि निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे ।

*(बाँकी ५ पेजमा)*

# अण्डाको उत्पादन र खपत बढाउन सरोकारवालाको जोड

भरतपुर । पोषणयुक्त खाद्य-वस्तुका रूपमा रहेको अण्डा मानव पनि बढाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । अण्डा मानव सचेतना अभिवृद्धि गरी उत्पादन र उपभोग दुवै बढाउन आवश्यक रहेको




स्वास्थ्यका लागि अत्यावश्यक रहेकाले यसको उत्पादनसँगै उपभोग शरीरका लागि आवश्यक पर्ने महत्त्वपूर्ण तत्त्व भएकाले यसको महत्त्वबारे उनीहरूको भनाइ थियो ।

*(बाँकी ५ पेजमा)*

# सरकारले जनताका समस्या समाधान गर्नुपर्छ : अध्यक्ष घिसिङ

भरतपुर। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले सकारात्मक समन्वयका साथ वर्तमान सरकारलाई काम गर्ने अवसर दिनुपर्ने बताएका छन् ।

चितवनको भरतपुर विमान-स्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले सरकारले केही सकारात्मक काम गरिरहेकाले सबैले सकारात्मक समन्वय र सहकार्य गर्नुपर्नेमा जोड दिए। सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण तथा बन्द स्वदेशी उद्योग सञ्चालनमा ल्याउने विषयमा गरेका प्रयासलाई सकारात्मकरूपमा लिइएको उनले बताए।

अध्यक्ष घिसिङले सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा गरेका प्रयास सकारात्मक भए पनि सबै काम कानुनबमोजिम हुनुपर्नेमा जोड दिए। सरकारले जनताको दैनिक जीवनसँग जोडिएका समस्या पनि प्रभावकारीरूपमा समाधान गर्नुपर्ने उनको भनाइ छ। महँगी नियन्त्रण, कृषि क्षेत्रमा मल



तथा बीउको सहज उपलब्धता र करसम्बन्धी निर्णयमा सरकारले ध्यान दिनुपर्ने उनले बताए।

विद्युत्, शिक्षा, स्वास्थ्य तथा राइड सेयरिङलगायत क्षेत्रमा थप कर लगाउन नहुने भन्दै अध्यक्ष घिसिङले जनतालाई प्रत्यक्ष प्रभाव पार्ने विषयमा सरकार गम्भीर हुनुपर्ने बताए। कानुन निर्माण गर्दा जनताको हित र देशका विभिन्न क्षेत्रमा सुधार गर्ने उद्देश्य राख्नुपर्ने उनको भनाइ छ।

कानुन बनाउनु मात्रै पर्याप्त नहुने उल्लेख गर्दै उनले त्यसको कार्यान्वयन पनि उचित ढङ्गले हुनुपर्ने बताए। विगतमा देखिएको निराशा अन्त्य भएर आशा जाग्ने जनअपेक्षा हालसम्म पूरा हुन नसकेको उनको भनाइ छ।

यसैबीच, अध्यक्ष घिसिङले उज्यालो नेपाल पार्टीको सङ्गठन तथा सदस्यता विस्तारको काम देशभर व्यापक रूपमा अघि बढिरहेको जानकारी दिए।

पार्टीको संरचनागत सुधार गर्दै सङ्गठन विस्तारलाई तीव्रता दिइएको उनले बताए।

## मितव्ययी रूपमा चाडपर्व मनाऔं

- ❖ चाडपर्व मनाउँदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- ❖ देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- ❖ आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- ❖ खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- ❖ खाना तथा अन्य सामग्री खेर नफालौं,
- ❖ मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायीत्व कायम गरौं,
- ❖ चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

**चाडपर्व खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

### शोक र वेदनाले भरिएको दसैं

नेपालीहरुको महान् पर्व बडादसैं घटस्थापनासँगै सुरू भएको छ। घरआँगनमा जमरा राखिएका छन्, बजारमा किनमेलको चहलपहल बढेको छ र देशविदेशबाट घर फर्किनेहरुको लर्को लाग्न थालेको छ। सामान्यतया उल्लास, उमङ्ग र पारिवारिक पुनर्मिलनको पर्वका रुपमा मनाइने दसैं यसवर्ष भने मलिन देखिएको छ। कारण स्पष्ट छ, देशले हालै भोगेका विपत्ति, पीडा र क्षतिका घटनाहरु अझै ताजा छन्। भोटेकोशी, त्रिशूली र बूढीगण्डकी नदी क्षेत्रमा आएको बाढी तथा त्यसले निम्त्याएको जनधनको क्षतिले धेरै परिवारको खुसी खोसेको छ। कतिपय घरमा टीका लगाउने हात छैनन्, कतिपयका लागि दसैं उत्सव नभई सम्झना र वेदनाको पर्व बनेको छ। प्राकृतिक विपत्तिका अतिरिक्त सवारी दुर्घटना, हत्या–हिंसा, बलात्कार, चोरी–डकैती, अपहरण, आगलागीजस्ता घटनाले समाजलाई निरन्तर आहत बनाइरहेका छन्। हरेक दिनजसो दुःखद समाचार सुन्नुपर्ने अवस्था छ। यस्ता घटनाले समाजमा असुरक्षा र निराशा बढाएको छ। एकातिर विपत्तिबाट पीडित नागरिकहरु पुनर्स्थापनाको प्रतीक्षामा छन् भने अर्कोतिर सामान्य जनताले आर्थिक अभाव र महँगीको मार झेलिरहेका छन्। दैनिक उपभोग्य वस्तुको मूल्य आकासिँदै गएको छ।

चाडपर्व नजिकिँदा कालोबजारी, कृत्रिम अभाव र अखाद्य वस्तुको बिक्रीजस्ता समस्या पनि दोहोरिने गरेका छन्। यस्तो परिस्थितिमा धेरै परिवारका लागि दसैं उत्साहभन्दा बढी आर्थिक बोझ बनेको छ। दसैं मूलतः असत्यमाथि सत्य र अन्यायमाथि न्यायको विजयको प्रतीक पर्व हो। तर, पछिल्ला वर्षहरुमा यसपर्वमा तडकभडक, प्रतिस्पर्धात्मक खर्च र देखासिकी बढ्दै गएको अनुभूति हुन्छ। आवश्यकताभन्दा बढी खर्च गरेर अरुसँग तुलना गर्ने, ऋण काढेरसमेत महँगो लुगा र भोजभतेरको व्यवस्था गर्ने प्रवृत्तिले दसैंको मौलिकता कमजोर बनाइरहेको छ। अझ रमाइलोका नाममा जुवातास खेल्ने, अत्यधिक मदिरा सेवन गर्ने र विभिन्न विकृत गतिविधिमा संलग्न हुने प्रवृत्ति बढ्नु चिन्ताको विषय हो। चाडपर्वको समयमा हुने घरेलु हिंसा, झैझगडा तथा आपराधिक घटनाको एउटा कारण नियन्त्रणहीन मदिरा सेवन पनि बन्ने गरेको छ। वास्तवमा चाडपर्वको मर्म भौतिक प्रदर्शनमा होइन, सम्बन्धको न्यानोपनमा हुन्छ। दसैं भनेको परिवार, आफन्त, छरछिमेक र समुदायबीचको सम्बन्ध बलियो बनाउने अवसर हो। यो मेलमिलाप, सहिष्णुता, एकता, सद्भाव र भाइचाराको पर्व हो। त्यसैले हामीले आफ्नो खुसीसँगै अरुको पीडालाई पनि महसुस गर्नुपर्छ।

बाढीपहिरोबाट प्रभावित परिवार, असहाय, वृद्ध, गरिब र विपन्न समुदायलाई सहयोग गरेर मनाइने दसैं नै वास्तवमा अर्थपूर्ण दसैं हुनेछ। हाम्रो समाजमा अझै धेरै परिवार यस्ता छन्, जसलाई चाडपर्वको सामान्य खर्च जुटाउनसमेत कठिन छ। उनीहरुको अवस्थालाई बेवास्ता गरेर गरिने भड्किलो उत्सवले सामाजिक असमानतालाई झन् गहिरो बनाउँछ। यसवर्षको दसैंले हामीलाई संयम, संवेदना र सामाजिक उत्तरदायित्वको पाठ सिकाउनुपर्छ। आफ्नो आर्थिक क्षमता र परिस्थितिअनुसार दसैं मनाउने संस्कृतिलाई प्रोत्साहन गर्न आवश्यक छ। ऋण काढेर वा देखासिकीका लागि गरिने खर्चले चाडलाई खुसीभन्दा बढी तनावको कारण बनाउँछ। दसैंलाई दशाको होइन, आत्मीयता र मानवताको पर्व बनाउन सक्नुपर्छ। शोक र वेदनाका बीचमा पनि आशा, सहानुभूति र एकताको दीप जलाउन सक्नुपर्छ। पीडितप्रति संवेदनशील बन्दै, सामाजिक सद्भाव कायम राख्दै र सभ्य ढङ्गले दसैं मनाउनु नै आजको आवश्यकता हो। सबै नेपालीमा शान्ति, सुख, समृद्धि र सहअस्तित्वको भावना विकसित होस्। बडादसैंको शुभकामना !

# धन्न फेसबुक थियो, अब राज्य नै हातमा छ



धन्न मार्क जुकरबर्गले फेसबुक बनाइदिए। नत्र मध्यरातमा स्टाटस लेखेर देश चलाउने सपना देख्न पाइन्थ्यो ? कसैलाई भ्रष्ट भन्न, कसैलाई चोर करार गर्न र आफ्ना असन्तुष्टि हजारौं मानिससम्म पुर्‍याउन सजिलो कसरी हुन्थ्यो र ? प्रविधिले दूरी घटाउँछ-कहिले बाटोको, कहिले सूचनाको, कहिले अभिव्यक्तिको।

हजुरबाको पालामा पुगौं न। उहाँहरू भन्नुहुन्थ्यो- पोखराबाट काठमाडौं पुग्न हप्तौं लाग्थ्यो। बाटो बन्यो, यातायात आयो, दूरी घट्यो। हिमाली गाउँमात्रै होइन, तराई-पहाडमा नुन पाउन पनि सहज थिएन। नुनका लागि महिनौं यात्रा गर्नुपथ्र्यो। आज नुन पसलमै पाइन्छ। त्यसैले 'धन्न पसल थियो र पो नुन खान पाइयो' भन्नु जति हास्यास्पद हुन्छ, लोकतन्त्रले दिएको अधिकारलाई कसैको व्यक्तिगत उपलब्धि ठान्नु पनि उत्तिकै हास्यास्पद हुन्छ। नुन पसलमा पाइयो भन्दैमा नुनको इतिहास पसलबाट सुरू भएको होइन।

काठमाडौंको टुँडिखेल र खुलामञ्च पनि कसैको निजी कृपाबाट बनेका राजनीतिक थलो होइनन्। पञ्चायतदेखि जनआन्दोलनसम्म यिनले जनताको आवाज बोके। नेपालका स्पीकर कर्नर नै हुन्। आज पाइएको बोल्न पाउने अधिकार लोकतन्त्र फेसबुकको स्टाटसबाट आएको होइन। यो जेल, भूमिगत जीवन, दमन, आन्दोलन र बलिदानको लामो इतिहासबाट आएको हो। गणतन्त्र एउटा कुर्सीबाट अर्को कुर्सीमा बसाइँ सर्नुमात्र थिएन। सत्ता जन्मसिद्ध अधिकार होइन, जनताको मतबाट प्राप्त हुन्छ भन्ने मान्यता स्थापित हुनु थियो।

त्यही ढोकाबाट नयाँ अनुहारहरू आए। बालेन्द्र शाह काठमाडौंको मेयर बने। हर्क साम्पाङ धरानको नेतृत्वमा पुगे। स्थापित राजनीतिक शक्तिलाई चुनौती दिने ठाउँ बन्यो। आज असम्भवजस्तो मानिने एउटा मेयर पनि कार्यकाल नसकिँदै लोकतान्त्रिक प्रक्रियाबाट प्रधानमन्त्री भएको छ। यो सानो उपलब्धि होइन। यस्तो उपलब्धि गराउनको लडाइँमा लड्ने सबै योद्धाहरू अपमानका पात्र होइनन्, बरु धन्यवादका पात्र हुन्।

हुन त सामाजिक सञ्जालले राजनीतिमा प्रवेशको ढोका फराकिलो बनाएको छ। तर, एउटा स्टाटस भाइरल हुँदैमा वा फलोअर धेरै हुँदैमा लोकप्रियता त होला, असल शासक नहुन पनि सकिन्छ।



- मोहन मून

## दृष्टिकोण

धन्न हिजो फेसबुक थियो र भनियो- 'सिंहदरबार जलाउँछु', 'टुकुचामा गाडिदिन्छु', 'नाकको डाँडी भाँचिदिन्छु।' धन्न अरूलाई गाली गर्न सजिलो थियो, अरूको भ्रष्टाचार गन्न सजिलो थियो। आज त्यही प्रश्न आफूतिर फर्किने छ। धन्न हिजो 'चोर' भनिएको पार्टी थियो। आज त्यही पार्टीकै नेता भएपछि के ती आरोपहरू वासिङ मेसिनमा हालेर धोइए ? पार्टी फेरिँदा इतिहास फेरिन्छ ? सत्ता फेरिँदा आरोपको रङ फेरिन्छ ?

फेसबुकका स्टाटस डिलिट गर्न सकिन्छ, सार्वजनिक स्मृति डिलिट गर्न सकिँदैन। हिजो अरूलाई लगाएको मापदण्ड आज आफूलाई लगाउन तयार छौं कि छैनौं- प्रश्न यत्ति हो।

सडकमा बगेको रगत कसैको निजी राजनीतिक सम्पत्ति होइन। आन्दोलनमा ज्यान गुमाउने युवाको बलिदान कुनै व्यक्ति, पार्टी वा समूहको व्यक्तिगत उपलब्धि होइन। रगतको मूल्य कुर्सी होइन- उत्तरदायी शासन हो।

अब 'धन्न फेसबुक थियो' भनेरमात्र पुग्दैन। अब त राज्य नै हातमा छ। विपक्षमा हुँदा क्रान्तिकारी बन्न सजिलो हुन्छ। सत्तामा पुगेपछि आफ्नै नाराको हिसाब दिन गाह्रो हुन्छ। त्यसैले अब प्रश्न कसले कति स्टाटस लेख्यो वा कति भीड जम्मा गर्यो भन्ने होइन। प्रश्न एउटै हो- राज्य हातमा आएपछि उसले के गर्यो ?

हिजो मन्त्रीको संख्या धेरै भयो भनेर गरेको तिखो प्रश्नलाई आज सचिवालयको भीड जम्मा गरेर उत्तर नदिऊँ ? हिजो अरूलाई 'नेपो किड्स' भन्दै घर जलाउने, आज 'नेपो किड्स'लाई नै मन्त्री दिने ? यी विरोधाभासका कुराहरू हुन्।

धन्न जेन्जीहरूले आन्दोलन गरे। धन्न यता जा भने यतै, उता जा भने उतै गरे। धन्न 'यो माग हो, यससँग वार्ता गर' भने त्यही गरे। धन्न चोर भनेको पार्टीले पनि नेता बनाइदियो। धन्न जनताले भोट हालिदिएर प्रधानमन्त्री बनाइदिए।

यदि आन्दोलनको अन्तिम उपलब्धि यतिमात्रै भयो कि जलेको सिंहदरबारको भित्तामा फोटो फेरियो, नाम फेरियो, कुर्सी फेरियो-तर, जनताको अवस्था उस्तै रह्यो भने परिवर्तन कहाँ भयो ?

सिंहदरबार जल्नु आफैंमा परिवर्तन होइन। अनुहार फेरिनु पनि परिवर्तनको अन्तिम प्रमाण होइन। परिवर्तन त्यतिबेला हुन्छ, जब राज्यको चरित्र बदलिन्छ र बलिदानको मूल्य जनताको जीवनमा देखिन्छ।

नत्र इतिहासले व्यङ्ग्य गर्दै भन्नेछ- 'धन्न फेसबुक थियो, धन्न जेन्जीहरू थिए। उनीहरूले रगत पनि बगाए, प्रधानमन्त्री पनि बनाए। अन्त्यमा न देशले केही पायो, न उनीहरूले। जलेको सिंहदरबारमा केवल फोटो फेरियो।'

अनि आज गाली गर्दा एकपटक ऐनामा पनि हेरौं। आफू अब शासक हौं। शासकले प्रतिपक्षसँग तल्लो स्तरमा झरेर गालीगलौजमा उत्रिने होइन, आफ्नो काम र व्यवहारबाट जवाफ दिने हो।

*(साभार : हिमालयखबर)*

# बाढीबाट नारायणीको 'सी बिच' तटबन्ध कम क्षति

भरतपुर। यही असोज ११ गते नारायणी नदीमा आएको बाढीले भरतपुर महानगरपालिका-१ नारायणगढस्थित नारायणी किनारको चौर बगरमा परिणत हुँदा यहाँ समुद्री किनारको स्वरूपमा निर्माण गरिएको 'सी बिच' ढाँचाको तटबन्ध भने सुरक्षित रहेको छ। बाढी नदीकिनार हुँदै सडकसम्म आइपुग्दा पनि तटबन्धमा ठूलो क्षति पुगेन।

सिँचाइ तथा जलस्रोत आयोजना भरतपुरका सूचना अधिकारी इन्जिनियर सागर पौडेलका अनुसार नारायणी पुलको उत्तरतर्फ ६४० मिटर लामो उक्त तटबन्ध विसं २०७९ पुस ५ गते निर्माण सुरू गरी विसं २०८० जेठ १९ गते सम्पन्न गरिएको थियो। उनका अनुसार नारायणी नदीकिनारको चौरलाई कायम राख्दै नदी कटान रोक्ने र किनारलाई आकर्षक बनाउने उद्देश्यले तटबन्ध निर्माण गरिएको थियो।

तटबन्ध निर्माण गरिएको क्षेत्र सुरक्षित रहे पनि माथिल्लो चौरमा बाढीले बालुवा र ढुङ्गा थुपारेर बगरमा परिणत गरेको इन्जिनियर पौडेलले बताए। 'बगर बनेपछि उक्त क्षेत्रमा जानसमेत कठिन भएको छ। यद्यपि तटबन्धको माथिल्लो भागमा रहेको करिडोरमा अहिले पनि मानिसहरू टहलिने र ठेलामा व्यापार गर्नेहरूको चहलपहल देखिन्छ', उनले भने।

सूचना अधिकारी पौडेलले नारायणी नदीको धारलाई हाल कायम रहेको दिशामा नियन्त्रण तथा स्थिर राख्न तटबन्धले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए। उनका अनुसार तटबन्धका कारण नदीको बहाव परिवर्तन भई नारायणगढ बजारतर्फ केन्द्रित हुनबाट रोकिएको छ। यसले नारायणगढ बजार तथा आसपासका बस्ती, भौतिक संरचना र जग्गालाई नदी कटान तथा बाढीजन्य जोखिमबाट संरक्षण गर्न योगदान पुर्‍याएको छ।

इन्जिनियर पौडेलले भने, 'सी बिच ढाँचाको तटबन्ध नभएको भए यो क्षेत्र पूरै बगरमा परिणत हुन सक्थ्यो। तटबन्धका कारण किनारको चौरमा माटो भर्न र सम्याउन पनि सहज हुने भएको छ।' उनका अनुसार उक्त तटबन्ध निर्माण नभएको भए नारायणी नदीले आफ्नो धार परिवर्तन



गरी चितवनतर्फ, विशेषगरी नारायणगढ बजार आसपासको क्षेत्रमा कटान तथा बाढीको जोखिम सिर्जना गर्न सक्ने सम्भावना थियो। तटबन्धले नदीको धार नियन्त्रण गर्नुका साथै मानव बस्ती, बजार क्षेत्र, सडक, पूर्वाधार र अन्य सम्पत्तिलाई नदीजन्य कटानबाट जोगाउन महत्वपूर्ण भूमिका खेलेको उनले बताए।

नारायणी नदीकिनारमा निर्माण गरिएको 'सी बिच' क्षेत्रमा विभिन्न महोत्सव तथा सांस्कृतिक कार्यक्रम आयोजना हुने गरेका छन्। बिहान र साँझ नदी किनारमा घुम्न तथा टहलिन जाने सर्वसाधारणको चहलपहल हुने गर्दछ। साना ठेला तथा व्यापार व्यवसाय सञ्चालन गर्नेहरूका लागि पनि यो क्षेत्र आकर्षणको केन्द्र बनेको छ।

कार्यालयका अनुसार 'नारायणी रिभर बिच प्रोटेक्सन वर्क्स' आयोजनाअन्तर्गत रु १७ करोड ५९ लाख खर्चमा संरचना निर्माण गरिएको हो। आयोजनाअन्तर्गत आरसिसीका सिँढी निर्माण गर्नुका साथै अगाडिको भागमा ठूला ढुङ्गा प्रयोग गरी किनार संरक्षणको काम गरिएको सूचना अधिकारी पौडेलले बताए।

उनका अनुसार नारायणी पुलदेखि पश्चिमतर्फ चितवन क्षेत्रमा अधिकांश स्थानमा तटबन्ध निर्माण गरिएकाले यस वर्षको बाढीबाट ठूलो क्षति हुन पाएन।

# साढे १४ करोडमा इच्छाकामना अस्पतालको नयाँ भवन निर्माण

भरतपुर । इच्छाकामना गाउँपालिका वडा नं-४, कुरिनटारस्थित इच्छाकामना आधारभूत अस्पतालको नवनिर्मित भवनबाट सेवा शुभारम्भ गरिएको छ। संघीय सरकारको १४ करोड ५० लाख रुपैयाँको लागतमा भवन निर्माण गरिएको हो।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले भवनको शुभारम्भ



गर्दै सबै स्थानीय तहको आम्दानीको स्रोत नहुने जनाउँदै इच्छाकामना आधारभूत अस्पताललाई प्रदेश सरकारले आवश्यक प्राविधिक र जनशक्ति सहयोग गर्ने बताए।

पृथ्वी राजमार्गसँगै जोडिएको नवनिर्मित १५ शय्याको अस्पतालमा राजमार्गमा हुने सवारी दुर्घटनाका घाइतेलाई तत्काल उपचार गर्न सहज हुने अपेक्षा गरिएको छ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री गिरबहादुर तामाङ (ज्ञानुजङ्ग लामा) ले अस्पताललाई थप साधनस्रोत सम्पन्न बनाउन सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरूङले इच्छाकामना आधारभूत अस्पतालले यसअघि दारेचोक स्वास्थ्यचौकीबाट सेवा सञ्चालन गर्दा कठिनाइ र अप्ठ्याराहरू भोग्नुपरेको उल्लेख गर्दै अहिले सुविधासम्पन्न भवनबाट सेवा सुरू गर्न पाउँदा खुसी व्यक्त गरे। उनले अस्पतालका लागि आवश्यक थप उपकरण उपलब्ध गराइदिन मुख्यमन्त्री र स्वास्थ्यमन्त्रीलाई आग्रह गरे।

अध्यक्ष गुरूङका अनुसार गाउँपालिकाले विपन्न तथा सुत्केरीलाई निःशुल्क उपचार र आकस्मिक दुर्घटनाका घाइतेलाई एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएको, अस्पतालले गोरखा र धादिङका छिमेकी पालिकाका नागरिकका साथै काठमाडौँ, पोखरा र चितवन यात्रा गर्ने यात्रु तथा दुर्घटनामा घाइते भएकाहरूलाई पनि सेवा प्रदान गर्दै आएको छ।

कार्यक्रममा पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य कृष्ण सिलवाल, जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, गोरखाको गण्डकी गाउँपालिका अध्यक्ष दीपक तिमिल्सिना, सहिद लखन गाउँपालिका अध्यक्ष रमेशबाबु थापामगर, निवर्तमान गाउँपालिका अध्यक्ष गीताकुमारी गुरूङ, उपाध्यक्ष माया सिलवाल, वडाध्यक्ष रुद्रप्रसाद उप्रेतीलगायतले मन्तव्य राखेका थिए।

उनीहरुले इच्छाकामना आधारभूत अस्पतालको सेवा विस्तारका लागि आवश्यक सहयोग गर्नुपर्नेमा जोड दिँदै अस्पताललाई ट्रमा सेन्टरका रूपमा विस्तार गर्नुपर्ने आवश्यकता रहेको औँल्याएका थिए।

चितवनको इच्छाकामनासहित धादिङको बेनीघाट रोराङ, गोरखाको गण्डकी र सहिद लखन गाउँपालिकाका नागरिकका साथै काठमाडौँ, पोखरा र चितवन यात्रा गर्ने यात्रु तथा दुर्घटनाका घाइतेहरूको जीवनरक्षामा यस अस्पतालको महत्त्वपूर्ण भूमिका रहेको उनीहरूको भनाइ थियो।

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www .newsprabah .com
https://newsprabah .com/e-paper/

## स्वास्थ्य/खेलकुद



# फर्सीको बियाँ खानुका यस्ता छन् फाइदाहरु

फर्सी दैनिक जीवनमा प्रयोग हुने उपयोगी तरकारी हो। फर्सी हाम्रो स्वास्थ्यका लागि निकै लाभकारी हुन्छ। फर्सीको बियाँ पनि पोषकतत्त्वले भरिपूर्ण हुन्छ। यो नियमित रूपमा खानु निकै राम्रो हुन्छ। पुरुषका लागि त यो झन् बढी उपयोगी मानिन्छ। फर्सीको बियाँका फाइदाहरु निम्न अनुसार छन् :

१. फर्सीको बियाँले पुरुषको यौन स्वास्थ्यलाई राम्रै राख्ने गर्छ। 'इन्डियन जर्नल अफ युरोलजी' मा प्रकाशित एउटा अध्ययन अनुसार, नियमित रूपमा यो खाने प्रोस्टेटको स्वास्थ्य बिग्रिन पाउँदैन। पुरुषमा प्रोस्टेट ग्रन्थीलाई बलियो पार्न र स्वस्थ हार्मोनको उत्पादन बढाउन यो खानु उपयुक्त मानिन्छ।



२. शरीरमा जिंकको कमी भए पुरुषमा वीर्यको गुणस्तरमा कमी हुँदै जान्छ र बाँझोपना जस्तो समस्या देखिन सक्छ। फर्सीको बियाँमा जिंक यथेष्ट मात्रामा पाइन्छ। यसलाई दैनिक खानपानमा सामेल गर्दा पुरुषको शुक्रकीटको गुणस्तर सुध्रिँदै जान्छ। यो प्रोस्टेटसम्बन्धी समस्यालाई रोक्नुका साथै पुरुषको प्रजनन क्षमतालाई बढाउनमा समेत सहयोगी हुन्छ। जिंकले रोगप्रतिरोधी क्षमतालाई बलियो बनाउँछ। डिप्रेसन हटाउनसमेत उपयोगी हुन्छ।

३. शरीरमा जिंकको कमी भए पुरुषमा वीर्यको गुणस्तरमा कमी हुँदै जान्छ र बाँझोपना जस्तो समस्या देखिन सक्छ। फर्सीको बियाँमा जिंक यथेष्ट मात्रामा पाइन्छ। यसलाई दैनिक खानपानमा सामेल गर्दा पुरुषको शुक्रकीटको गुणस्तर सुध्रिँदै जान्छ। यो प्रोस्टेटसम्बन्धी समस्यालाई रोक्नुका साथै पुरुषको प्रजनन क्षमतालाई बढाउनमा समेत सहयोगी हुन्छ। जिंकले रोगप्रतिरोधी क्षमतालाई बलियो बनाउँछ। डिप्रेसन हटाउन समेत उपयोगी हुन्छ।

४. फर्सीको बियाँमा पाइने म्याग्नेसियम, पोटासियम, जिंकले शरिरलाई स्वस्थ, स्मरण शक्तिको विकास, हाडलाई बलियो बनाउन समेत मद्धत गर्छ।

५. फर्सीको बियाँ पनि उत्तिकै फाइदा जनक हुन्छ। यसको बियाँबाट मनग्गे मात्रामा प्रोटिन, भिटामिन, फ्याटि एसिडहरू पाइन्छ। यसले शरिरमा चाहिने पौष्टिक पदार्थको आवश्यकतालाई पुरा गर्न समेत मद्धत गर्छ।

६. फर्सीको बियाँमा पाइने एन्टिअक्सिडेन्ट टेस्टोस्टेरोनको स्तरलाई स्वस्थकर राख्नमा सहगोगी हुन्छ।

७. फर्सीको बियाँ स्वस्थ कपालका लागि पनि त्यति नै आवश्यक हुन्छ। यो खाने गरे कपालमा नयाँ कोषिकाको निर्माण हुन्छ, कपाल सम्भावित नोक्सानीबाट जोगिन्छ र जहिल्यै स्वस्थ हुन्छ।

८. फर्सीको बियाँले इन्सुलिनको मात्रा सन्तुलित गर्ने काम गर्छ। यसैले यो मधुमेहका रोगीहरूका लागि धेरै फाइदाजनक मानिन्छ।

९. यसको सेवनले तनाव कम हुन्छ। निद्रा राम्रो लाग्छ। यसमा पाइने एमिनो एसिड ट्रिप्टोफन हुने भएकाले शरीरमा सेरेटोनिनलाई परिवर्तन गरेर गहिरो निद्रा लाग्न सक्छ।

बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
ना ४२ प १९९७ हाम्रा सेवाहरू : ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ... ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयबाट इजाजत (License) प्राप्त
कम्पनी प्रा.लि. नयाँ दर्ता, नवीकरण खारेजी समेत सम्पूर्ण कार्यको लागि
चितवनको एक मात्र आधिकारिक सेवा केन्द्र
S & P COMPANY
भरतपुर, चितवन, फोन नं. ०५६-५२६९५९, ५२४११५
★ प्रा.लि.का शेयर सदस्य होल्डरहरु काठमाडौं जान नपर्ने गरी भरतपुरबाटै सेवा दिइने।
★ कम्पनीको नयाँ दर्ता, नवीकरण, पुँजी वृद्धि, उद्देश्य थप, नामसारी, ठाउँसारी, शेयर थपघट लगायत खारेज समेतको सम्पूर्ण कार्यको सहजीकरण गरी सेवा पुर्‍याउने।
★ Pan, Vat, Tax करदाताको मासिक, वार्षिक आय विवरण तयारी पारी Net Entry को सेवा दिइने।
★ Business Plan, Schene, Business Proposal तयारी पारी दिने।

जनहितमा जारी सन्देश
☞ जन्म, मृत्यु, विवाह, बसाईसराई जस्ता व्यक्तिगत घटनाहरु ३५ दिन भित्रै दर्ता गरौं।
☞ कानुन बमोजिम बुझाउनुपर्ने घरजग्गा लगायतका कर र अन्य कर, राजस्व समयमा नै बुझाऔं। ☞ समाज स्वच्छ सफा राखौ।
☞ कुनै पनि व्यवसाय सञ्चालन गर्दा वडामा अनिवार्य दर्ता गरेर मात्र सञ्चालन गरौं।
☞ आ-आफ्नो घर, आँगन, टोल, छिमेक आफैले सफा गरौं।
"समयमै कर तिरौं, सभ्य नागरिकको परिचय दिऔं।"

हार्दिक शुभकामना
विजयादशमी, शुभ-दीपावली तथा छठ पर्व २०८३ को सुखद् उपलक्ष्यमा सम्पूर्ण वडावासी नेपाली बुबाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना।


राजकुमार मल्ल
अध्यक्ष
एवम्
राक्सीराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
राक्सीराङ परिवार

# तीन हजार ३६२ मतदाता घटे चितवनमा

भरतपुर । जिल्ला निर्वाचन कार्यालय, चितवनले मतदाता नामावली अद्यावधिक गर्ने क्रममा जिल्लाका तीन हजार ३६२ जना मतदाताको नाम नामावलीबाट हटाएको छ ।

जिल्ला निर्वाचन अधिकारी भीमसेन कार्कीका अनुसार निर्वाचन आयोग नेपालको स्वीकृत कार्यक्रमअनुसार जिल्लाभरि गरिएको नामावली छानबिनका क्रममा दोहोरो दर्ता भएका, मृत्यु भएका र नागरिकता परित्याग गरेका व्यक्तिको नाम हटाइएको हो ।

उनले भने, 'यही असोज १ गते नामावली प्रकाशन गरी २ गतेदेखि मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०८३ बमोजिम स्थानीय तहबाट मृत्यु भएका व्यक्तिको विवरण र जिल्ला प्रशासन कार्यालयबाट नागरिकता त्यागसम्बन्धी विवरण माग गरी मतदाता नामावलीबाट नाम हटाइएको हो ।'

कार्कीका अनुसार दोहोरो दर्ता भएका एक हजार ९४३, मृत्यु भएका एक हजार ३८० र नागरिकतापरित्यागगरेका३९जनाको नाम मतदाता नामावलीबाट हटाइएको छ ।

हटाइएका मतदाताको नाम, ठेगाना र मतदाता परिचयपत्र नम्बरसहितको विस्तृत विवरण कार्यालयले सार्वजनिक गरेको उनले जानकारी दिए ।

हटाइएका नामका सम्बन्धमा कुनै दाबीविरोध वा जिज्ञासा भए आवश्यक प्रमाणसहित कार्यालय समयमा जिल्ला निर्वाचन कार्यालय, चितवनमा सम्पर्क गर्न अनुरोध गरिएको उनले बताए ।

कुल चार लाख ४२ हजार ८२ जना मतदाता रहेको जिल्लामा अद्यावधिक सहित अन्तिम मतदाता नामावली भने यसै महिनाको अन्त्यमा प्रकाशन गरिने कार्यालयले जनाएको छ ।

# निकुञ्जमा जिप सफारी पुन: सञ्चालन

भरतपुर । चितवन राष्ट्रिय निकुञ्जमा जिप सफारी पुनः सुरूवात गरिएको छ । बर्सातसँगै असार १७ गतेदेखि बन्द गरिएको निकुञ्जभित्रको जिप सफारी यही असोज २३ गतेदेखि सुरू गरिएको हो ।

बर्सातले बिग्रिएका निकुञ्ज भित्रका सडकहरु मर्मत गरेर जिप सफारी सुरु गरिएको हो । वर्षाको समयमा आएको बाढीका कारण बिग्रिएका बाटोहरु मर्मत, ढलेका रूख पन्छाउने, झाडी फाँड्ने लगायतका कामहरु सकिएसँगै जिप सफारी सुरु गरिएको निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले जानकारी दिए । यही असोजको दोस्रो साता आएको बाढीले जङ्गल सफारी गर्ने रुटहरू भत्काएका कारण जङ्गल सफारी खुला गर्न समय लागेको उनले बताए ।

निकुञ्जभित्र जिप सफारी बन्द भए पनि मध्यवर्ती क्षेत्र तथा सामुदायिक वनहरूमा भने जिप तथा हात्ती सफारी सबै समयमा यथावत् अवस्थामा हुने गर्दछ ।

निकुञ्जमा सौराहा क्षेत्रबाट ३२ वटा, कसराबाट २२ वटा यस्तै मेघौलीबाट ११ वटा, अमलटारीबाट आठवटा र माडीबाट एउटा जिपहरू निकुञ्जभित्र चल्ने गर्दछन् । ती जिपमा चढेर पर्यटकले निकुञ्ज घुम्ने गर्दछन् । विशेषगरी चितवनमा दुर्लभ एकसिङ्गे गैंडा, पाटेबाघलगायतका वन्यजन्तु हेर्न पर्यटक आउने गर्दछन् ।

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
### भरतपुर, चितवन

BHARATPUR METROPOLITAN CITY

## सूचना ! सूचना !! सूचना !!!

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो । महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ । यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ । अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**

# फिल्म/मनोरञ्जन



# "कबड्डी ५" व्यवहारिक काजीको कथा हो

काठमाडौं । काठमाडौं । नेपालको सर्वाधिक सफल फ्रेन्चाइजमध्ये एक हो, 'कबड्डी' । यसका चारवटा श्रृंखलाले घरेलु बक्स अफिसमा करोडौं कमाए । चौथो श्रृंखला (कबड्डी ४) त २०७९ सालमा नेपालको सर्वाधिक कमाउने फिल्म समेत बनेको थियो । तर, यो फिल्मका हरेक श्रृंखलाको कथा र परिवेश भने एउटै थियो । अर्थात् मुस्ताङको सेटिङमा सोल्टिनीलाई पाउन काजीले गर्ने संघर्ष ।



वर्षौंदेखि एउटै कथा र पात्रलाई भजाएर कमाइरहेको आरोपपछि ' कबड्डी'का निर्माताले चौथो भागलाई 'द फाइनल म्याच'को नाम दिए । यसको स्पष्ट अर्थ थियो, अब ' कबड्डी'को कथा सकियो । तर, चार वर्षपछि उही काजीको कथामा फेरि 'कबड्डी' निर्माण भएको छ । यसको पाँचौं श्रृंखला दसैंको अवसर पारेर कात्तिक ६ गतेबाट प्रदर्शनमा आउँदैछ ।

'कबड्डी ५' घोषणा भएदेखि धेरैको एउटै जिज्ञासा थियो, 'के फेरि काजी सोल्टिनीकै पछि लाग्ने हो ?' तर, यसपटक निर्देशक रामबाबु गुरुङले काजीको प्रेमभन्दा पनि उसको व्यावहारिक पाटोलाई देखाएका छन् । उनी भन्छन्, ' काजीको प्रेम जीवन पूरा भयो । तर, कथा त्योभन्दा अगाडि पनि त हुन्छ । त्यसैले 'कबड्डी ५'मा हामीले काजीको व्यावहारिक पाटोलाई कोट्याएका छौं ।'

उनका अनुसार यसपटक फिल्मका पात्रहरू परिपक्व देखिनेछन् । 'उमेर र भोगाइका हिसाबले हामी पनि अलि परिपक्व हुँदै आयौं । त्यसैगरी 'कबड्डी ५'मा पात्रहरू पनि परिपक्व भएका छन्,' उनी भन्छन्, 'पहिला पात्रहरू एकदमै रिसाहा थिए । जोक बढी गर्थे । अब त्यसमा मात्र केन्द्रित नभएर उनीहरू अहिले कुन मनोदशाबाट गुज्रिरहेका छन् भन्ने देखाउन खोजेका छौं ।'

निर्देशक गुरुङ अब 'कबड्डी'लाई एउटा दशक भने रोक्न चाहन्छन् । त्यसपछि काजीसहितका पात्रहरूको अर्धवैशे उमेरको कथा भन्ने उनको योजना छ । यसबारे उनी भन्छन्, 'अब मेरो योजना चाहिँ के हो रियल काजी (दयाहाङ राई) पनि अलि बुढो हुनुपर्‍यो । उसँगै काजी पनि बुढो हुन्छ । त्यसपछि काजी कस्तो संसारमा अल्झिरहेको छ भन्ने देखाउन मन छ ।'

उनी 'कबड्डी ५'ले बक्स अफिसमा कीर्तिमान कायम गर्नैपर्छ भन्ने दबाब आफूमा नरहेको पनि बताउँछन् । 'चौथो भागले कीर्तिमान कायम गर्‍यो, अब यसले पनि गर्नैपर्छ भन्ने हिसाबले मैले सोचेकै छैन । फिल्मले धेरै व्यापार गर्दियोस् भन्ने चाहिँ हुन्छ । तर, मेरै फिल्मले 'रेकर्डब्रेक' गर्नुपर्छ भन्ने अपेक्षा चाहिँ म कहिल्यै राख्दिनँ,' उनले भने ।

बासुरी फिल्म्सको प्रस्तुतिमा निर्माण भएको फिल्ममा दयाहाङ राई, विपिन कार्की, रिश्मा गुरुङ, विजय बराल, बुद्धि तामाङ, मिरुना मगर, सिर्जना गुरुङ, पुष्कर गुरुङ, कविता आले, कमलमणि नेपाल, अरुणा कार्कीलगायतको अभिनय छ । रामबाबु गुरुङ, मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ निर्माता रहेको फिल्मका कार्यकारी निर्माता सागर राज हुन् ।

# "बा: एक योद्धा"को व्यापार ३ करोड बढी

काठमाडौं । चलचित्र विकास बोर्डले हलमा प्रदर्शनरत ९ वटा नेपाली फिल्मको कमाइ विवरण सार्वजनिक गरेको छ । त्यसमा सबैभन्दा बढी कमाइ फिल्म 'गौंथली'को छ । यसले २५ असोज (आइतबार)सम्म ९ लाख ४४ हजार ६१२ वटा टिकट बिक्रीबापत २६ करोड २ लाख ७० हजार ५९० रुपैयाँ ग्रस कमाएको छ । यो यस वर्ष (२०८३)को सर्वाधिक कमाउने फिल्म हो ।

अब दोस्रो स्थानमा फिल्म 'पेन्सन पट्टा' उक्लिएको छ । यसले 'लालीबजार'को ९ करोड ३२ लाख रुपैयाँको कमाइलाई उछिनेको हो । तीजको छेको पारेर भदौ २६ गते प्रदर्शन भएको फिल्मले आइतबारसम्म ९ करोड ८८ लाख ९२ हजार १८८ रुपैयाँ ग्रस कमाएको छ । यो अवधिमा फिल्मका ३ लाख ४७ हजार ८८२ वटा टिकट बिक्री भएका छन् ।

'पेन्सन पट्टा'पछि कमाइका हिसाबले फिल्म 'बाः एक योद्धा' अगाडि देखिएको छ । बोर्डको सिनेपाः विवरणअनुसार फिल्मले आइतबार (हिजो)सम्म ३ करोड ५ लाख २२ हजार ५०२ रुपैयाँ ग्रस कमाइ गरेको छ । यसमा पछिल्लो ७ दिनको योगदान १ करोड १२ लाख १६ हजार रुपैयाँभन्दा बढी छ । फिल्मको टिकट बिक्रीको संख्या भने १ लाख ७ हजार ५३३ पुगेको छ ।

त्यस्तै, 'आचार्य'ले १ करोड ६२ लाख २७ हजार ९४६ रुपैयाँ, 'बेहुली'ले २ लाख ९९ लाख ४० हजार ७२४ रुपैयाँ, 'झिँगेदाउ २'ले १ करोड ४६ लाख



१२ हजार ९१६ रुपैयाँ र 'एलिफेन्ट्स इन द फग' (तिनीहरू)ले १ करोड ३१ लाख ६० हजार ५४५ रुपैयाँ, 'चमेलीको पोइ'ले ५ लाख ५० हजार २१० रुपैयाँ र 'चंगुल'ले १ लाख ३८ हजार ३८० रुपैयाँ ग्रस कमाएका छन् । - *फिल्मीखबरबाट ।*


## हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली** तथा **छठ** पर्व २०८३ को सुखद् उपलक्ष्यमा सम्पूर्ण देशवासी आमाबुबा, दाजुभाइ, दिदीबहिनी, कर्मचारी एवम् शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना ।**

**अनुकूल श्रेष्ठ**
*अध्यक्ष एवम्*
**नारायणी कला मन्दिर परिवार**
नारायणगढ

## हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली** तथा **छठ** पर्व २०८३ को सुखद् उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी, कर्मचारी एवम् शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना ।**

**प्राचार्य**
*एवम्*
**बालकुमारी ई. स्कुल परिवार**
नारायणगढ, फोनः ०५६-५२१२९५, ५२४३९४

## 'हकहित ...

नेपाल आदिवासी जनजाति महासंघ चितवनका अध्यक्ष सागर कुमालले मगर समुदायबीच आपसी एकता र सद्भाव कायम गर्दै मौलिक भाषा, संस्कृति तथा भेषभूषाको संरक्षण गर्नुपर्नेमा जोड दिए। जातीय संघसंस्थाहरू बलियो भए मात्रै महासंघ पनि थप सुदृढ हुने उनको भनाइ थियो।

त्यसैगरी, चितवन राष्ट्रिय निकुञ्ज कसराका वार्डेन डिलबहादुर पुर्जामगरले मगर समुदायको हकहित संरक्षण, सरकारी निकायमा समुदायको पहुँच अभिवृद्धि तथा लोकसेवा परीक्षाको तयारीलगायत विषयमा आफ्नो धारणा राखेका थिए।

**सभामा आर्थिक प्रतिवेदन प्रस्तुत**

सभामा आर्थिक वर्ष २०८२र०८३ को आय-व्यय विवरण प्रस्तुत गरी संघको आर्थिक गतिविधिबारे जानकारी गराइएको थियो। प्रतिवेदनमा संघको आम्दानी, विभिन्न शीर्षकमा भएको खर्च तथा आर्थिक कारोबारको विवरण समेटिएको छ।

यसैगरी, सभामा संस्थाको सांगठनिक अवस्था, नेतृत्वसम्बन्धी विवरण तथा मगर समुदायको सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा पहुँच अभिवृद्धिका लागि सञ्चालन गरिएका गतिविधिबारे पनि जानकारी प्रस्तुत गरिएको थियो।

संघको वार्षिक प्रगति प्रतिवेदनमा मगर समुदायलाई संगठित बनाउने, मौलिक पहिचान र संस्कृति संरक्षण गर्ने तथा सामाजिक क्षेत्रमा समुदायको पहुँच विस्तार गर्ने उद्देश्यसहित विभिन्न गतिविधि सञ्चालन गर्दै आएको उल्लेख गरिएको छ।

सभामा नेपाल मगर संघ बागमती प्रदेशका उपाध्यक्ष देव रानामगर, नेपाल मगर संघ केन्द्रीय समितिका संस्थापक सदस्य मुक्तबहादुर थापामगर, नेपाल मगर संघ चितवन जिलूला समितिका २०५५ सालका कोषाध्यक्ष मेजर लालबहादुर थापामगरलगायत विभिन्न भ्रातृ संस्थाका अध्यक्ष तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

संघका सचिव विष्णु आलेमगरले सञ्चालन गरेको कार्यक्रमको समापन अध्यक्ष लालबहादुर रानामगरले गरेका थिए। समापनका क्रममा अध्यक्ष रानामगरले सभामा सहभागी अतिथि तथा उपस्थित सबैप्रति आभार व्यक्त गर्दै कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिएका थिए।

मगर समुदायको हकहित संरक्षण, मौलिक भाषा, संस्कृति र भेषभूषाको जगेर्ना तथा संगठनात्मक एकता र संस्थागत सुदृढीकरणलाई प्राथमिकता दिँदै साधारण सभा सम्पन्न भएको हो।

**पानी उमालेर मात्रै पिउने बानी बसालौं ।**

## शान्ति ...

टोली परिचालन गरिएको छ।'

एसपी पौडेलले चाडपर्वको समयमा आफ्नो घर छाडेर अन्यत्र यात्रा गर्दा बहुमूल्य गरगहना तथा नगद घरमा नराख्न, सम्भव भए बैंकको लकरमा सुरक्षित राख्न र घरको सुरक्षाका लागि विश्वासिलो आफन्त वा छिमेकीलाई जानकारी गराउनसमेत आग्रह गरेका छन्।

उनी भन्छन्, 'चाडपर्वका समयमा हुनसक्ने विभिन्न प्रकृतिका घटना, अनलाइन ठगी तथा सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै हामीले सुरक्षाकर्मी परिचालन गरेका छौं। नागरिकको जीवन र सम्पत्तिको सुरक्षाका लागि प्रहरी चौबीसैघन्टा उच्च सतर्कताका साथ खटिनेछ।'

यस्तै, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक अनिल थापाले चाडपर्वका समयमा सवारीसाधनको चाप बढ्ने भएकाले सडक अनुशासन कायम गर्न चालक, सहचालक र यातायात व्यवसायी जिम्मेवार हुनुपर्नेमा जोड दिए।

## चाडपर्व ...

मर्यादित र उपभोक्तामैत्री बनाउन सरोकारवालासँग अन्तर्क्रिया गरेको थियो। कार्यक्रममा सहभागीहरुले भरतपुर महानगरमा बजार व्यवस्थापन, बढ्दो सवारी चाप नियन्त्रण, अव्यवस्थित पार्किङ, फुटपाथ अतिक्रमण र फोहोरमैला व्यवस्थापन गर्नुपर्ने विषयमा ध्यानाकर्षण गराएका थिए। उनीहरुले बजारलाई सुन्दर र सुरक्षित बनाउन दीर्घकालीन पार्किङस्थलको व्यवस्था गर्नुपर्नेमा जोड दिएका थिए।

सोही अवसरमा बजार व्यवस्थापनसम्बन्धी गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने उद्देश्यका साथ चितवन उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष ओलीको संयोजकत्वमा १३ सदस्यीय टास्क फोर्स गठन भएको हो। समितिमा जिल्ला ट्राफिक प्रहरी कार्यालय, प्रहरी तथा टोल विकास संस्थालगायतका प्रतिनिधि सदस्य छन्। टास्क फोर्स गठनपश्चात् बजार व्यवस्थापन, सौन्दर्यीकरण, पार्किङ, फुटपाथ अतिक्रमण तथा फोहोरमैला व्यवस्थापनका कामहरु गरिँदै आएका छन्।

## अण्डाको ...

विश्व अण्डा दिवसको अवसरमा नेपाल लेयर्स कुखुरापालक संघद्वारा भरतपुरमा आयोजित बहस कार्यक्रममा सरकारी तथा निजी क्षेत्रका प्रतिनिधि, स्वास्थ्यकर्मी, पोषणविद् र कृषि क्षेत्रका सरोकारवालाले अण्डाको उत्पादन र खपत बढाउन संयुक्त प्रयास आवश्यक रहेको बताएका हुन्।

कार्यक्रममा संघका केन्द्रीय अध्यक्ष विनोद पोखरेलले सरकारले आवश्यक सहयोग र सहजीकरण गरेमा अण्डाको उत्पादन वृद्धि गर्न सकिने बताए। उनका अनुसार अण्डा उपभोग बढाउन किसान र व्यवसायीले लामो समयदेखि आग्रह गर्दै आए पनि त्यससम्बन्धी वैज्ञानिक जानकारी आम नागरिकसम्म पुऱ्याउने कार्य सरकारी निकायबाट प्रभावकारीरूपमा हुन सकेको छैन। उनले अण्डाको बजार मूल्य लागतअनुसार हुन थालेपछि किसानको आकर्षण बढ्दै गएको उल्लेख गर्दै यसले थप कृषकलाई व्यवसायमा प्रवेश गर्न प्रेरित गर्ने बताए।

अध्यक्ष पोखरेलले भारतबाट भन्सार छलेर आउने अण्डा गत वैशाखदेखि रोकिएपछि स्वदेशी किसानले राहत महसुस गरेको बताए। विद्यालयका विद्यार्थीलाई दिवा खाजामा नियमितरूपमा अण्डा उपलब्ध गराउने सरकारी कार्यक्रम ल्याइए किसानको तर्फबाट प्रतिअण्डा पाँच रुपैयाँ छूट दिन तयार रहेको उनको भनाइ थियो।

उनका अनुसार हाल नेपालमा दैनिक करिब ३८ लाख अण्डा उत्पादन भइरहेको छ। कोभिड-१९ महामारीअघि दैनिक ६५ देखि ७० लाख अण्डा उत्पादन हुने अवस्था पुनः कायम गर्ने लक्ष्यसहित किसानलाई संगठित गर्ने काम भइरहेको उनले बताए। चार वर्षअघि करिब १२० जना ठूला लेयर्स किसान रहेकोमा अहिले संख्या बढेर १८० पुगेको छ। अण्डाको बजार मूल्य हाल प्रतिक्यारेट (३० वटा) करिब ६ सय रुपैयाँ पुगेको छ। व्यवसायीका अनुसार एउटा अण्डाको उत्पादन लागत १९ रुपैयाँ १२ पैसा पर्छ।

वरिष्ठ फिजिसियन डा. भोजराज अधिकारीले अण्डा केवल प्रोटिनको स्रोत मात्र नभई शरीरको वृद्धि, विकास तथा समग्र स्वास्थ्यका लागि आवश्यक विभिन्न पोषक तत्त्वको महत्त्वपूर्ण स्रोत भएको बताए। उनले एउटा अण्डामा करिब ६ ग्राम उच्च गुणस्तरको प्रोटिनका साथै भिटामिन ए, बी समूह, डी, ई, फोलेट, फस्फोरस, सेलेनियम र जिंकजस्ता तत्त्व पाइने जानकारी दिए। अण्डाको पहेँलो भागसमेत स्वास्थ्यका लागि लाभदायक हुने उल्लेख गर्दै बालबालिकालाई दुई वर्षको उमेरपछि नियमित रूपमा अण्डा खुवाउन सकिने उनले बताए।

युसेक अमेरिकन सोयका कन्ट्री मार्केट लिड डा. अशेष भट्टराईले निजी र सरकारी क्षेत्रबीचको सहकार्यबाट मात्र अण्डाको उत्पादन र बजार विस्तार सम्भव हुने बताए। उनले अण्डाका पोषणसम्बन्धी गुणबारे सही जानकारी जनसमुदायसम्म पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए।

कार्यक्रममा पोषण विज्ञ डा. दिनेश गौतमले नेपालमा अण्डा खपत अझै न्यून रहेको तथ्यांक प्रस्तुत गरे। उनका अनुसार विश्वमा प्रतिव्यक्ति वार्षिक औसत १८५ अण्डा खपत हुने गरेको छ भने एसियामा यो संख्या १८७ छ। दक्षिण एसियामा प्रतिव्यक्ति वार्षिक ८७ अण्डा खपत हुने गरेको छ। नेपालमा भने प्रतिव्यक्ति वार्षिक ६९ अण्डा मात्रै खपत हुन्छ। सन् २०१५ मा यो संख्या ६० रहेकोमा हाल बढेर ६९ पुगेको छ। यद्यपि विश्व औसतको तुलनामा नेपाल अझै धेरै पछाडि रहेको उनले बताए।

कृषि, वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. रामानन्द तिवारीले उत्पादन वृद्धिमात्र पर्याप्त नभई अण्डाको उपभोग विस्तार पनि उत्तिकै आवश्यक रहेको बताए। सरकारले कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले कृषि ऐन ल्याउने तयारी गरिरहेको जानकारी दिँदै उनले छात्रवृत्ति, यातायात छुट तथा कृषि ढुवानीका लागि विशेष सुविधाजस्ता व्यवस्था समेटिने बताए। उनका अनुसार यस्ता नीतिले कृषि पेशालाई थप सम्मानित र आकर्षक बनाउने अपेक्षा गरिएको छ।


हार्दिक शुभकामना

विजया दशमी, शुभ-दीपावली तथा छठ पर्व २०८३ को सुखद् उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग, बुबाआमा, दाजुभाइ, दिदीबहिनी एवम् शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।




प्रो. बाबुराम रामदाम
एवम्
पाथिभरा सुनचाँदी पसल परिवार
मिलनरोड, नारायणगढ



हार्दिक शुभकामना

विजया दशमी, शुभ-दीपावली तथा छठ पर्व २०८३ को सुखद् उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्ग, बुबाआमा, दाजुभाइ, दिदीबहिनी एवम् शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना ।




प्रो. रोशन घले
एवम्
तमु धिं सुनचाँदी पसल परिवार
मिलनरोड, नारायणगढ, मो. ९८५५०५१०१३


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**आकस्मिक एम्बुलेन्स सेवा**

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

**अस्पताल काठमाडौं**

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

**अस्पताल चितवन**

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

**प्रहरी प्रशासन**

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

**पत्रपत्रिका/सञ्चार**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

## साप्ताहिक राशीफल

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ । टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ ।

**वृष** — यो साता प्यारो साथी सँग भेट हुनेछ । रमाइलो यात्राको योग रहेको छ । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिथुन** — यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ । इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ । सामाजिक कार्यमा रुचि बढ्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला ।

**कर्कट** — यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ । आज धार्मिक कार्यमा रुचि बढ्नेछ । शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ ।

**सिंह** — रोकिएका काम पुनः सुरु हुन सक्छन । कार्य सम्पादनमा सहजता मिल्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ । साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ ।

**कन्या** — यो साता रमणीय र सुखद यात्राको योग छ । कहीँकतैबाट कुनै उपहार प्राप्त होला । नजिकको मित्रसँग भेटघाट हुनेछ । नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ ।

**तुला** — यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ । आर्थिक कारोबारमा मन्दी आउनेछ । यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो ।

**वृश्चिक** — आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**धनु** — यो साता नयाँ कार्यको थालनी हुनेछ । अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ । सहयोगीहरूले काममा साथ दिनेछन ।

**मकर** — शुभ समाचार सुन्न पाइएला । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ । मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ ।

**कुम्भ** — यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन । पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ ।

**मिन** — यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । निर्णायक क्षमतामा कमी आउनेछ । भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला । मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

# हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली** तथा **छठ**
पर्व २०८३ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य,
बुबाआमा, दाजुभाइ,
दिदीबहिनी एवम् शुभचिन्तक महानुभावहरुमा सुख,
शान्ति, समृद्धि
एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

थिरप्रसाद धिताल (कृष्ण)
अध्यक्ष एवम्
**सिद्धि विनायक बचत तथा ऋण**
**सहकारी संस्था लि.** परिवार
भरतपुर-२, क्षेत्रपुर

# हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली** तथा **छठ**
पर्व २०८३ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण व्यवसायी,
बुबाआमा, दाजुभाइ,
दिदीबहिनी एवम् शुभचिन्तक महानुभावहरुमा सुख,
शान्ति, समृद्धि
एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

रामराज पाण्डे
अध्यक्ष एवम्
**फलफूल तथा तरकारी थोक**
**व्यवसायी संघ** परिवार
भरतपुर-२, क्षेत्रपुर

# हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली** तथा
**छठ** पर्व २०८३ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण शेयर सदस्य,
बुबाआमा, दाजुभाइ,
दिदीबहिनी एवम् शुभचिन्तक महानुभावहरुमा सुख,
शान्ति, समृद्धि
एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं ।

थिरप्रसाद धिताल (कृष्ण)
अध्यक्ष एवम्
**कृषि प्रबर्धन बजार**
**विकास प्रा. लि.** परिवार
भरतपुर-२, क्षेत्रपुर

"तपाईहरुको सन्तुष्टि नै हाम्रो सफलता हो"
**तामाङ छिटोछरितो निर्माण सेवा प्रा. लि.**
Tamang Chitocharito Nirman Sewa Pvt. Ltd.
मुख्य कार्यालय : राप्ती-७, हर्दि, चितवन / शाखा कार्यालय : हेटौंडा-९, मकवानपुर
कुनै पनि किसिमको घर तथा ब्यवसायिक संरचना निर्माण गर्नु परेमा घर धनि र कम्पनि बीच भएको सम्झौता बमोजिम आबश्यक सामान सहित बिना झन्झट घर धनीलाई चाबी हस्तान्तरण स्किम अन्तर्गत निर्माण सम्पन्न गरेर दिन्छौ ।




मुख्य कार्यालय मो. : ९८६५०४२९५६
९८४५९२७८८१
शाखा कार्यालय मो. : ९८४३९१४०३१
तामाङ छिटोछरितो निर्माण सेवा प्राली
TikTok

# हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली** तथा **छठ** पर्व २०८३ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण उद्योगी, व्यापारी एवम् शुभचिन्तक
महानुभावहरुमा सुख, शान्ति, समृद्धि
एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना** ।

चिरञ्जीवी सुवेदी
अध्यक्ष एवम्
**चितवन उद्योग वाणिज्य संघ**

# हार्दिक शुभकामना

**विजया दशमी, शुभ-दीपावली** तथा **छठ** पर्व २०८३ को
सुखद् उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी एवम्
शुभचिन्तक महानुभावहरुमा सुख, शान्ति, समृद्धि
एवम् उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना** ।

प्राचार्य
एवम्
**अम्बर एभरेष्ट ई.बो. स्कुल**
भरतपुर-१०, चितवन